गलकोट नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गलकोट, बागलुङ

गण्डकी प्रदेश,नेपाल

प.स.:-२०७९/८०
च.नं ९४५

मिति:२०८०/०३/०४

विषय:भुक्तानी बन्द हुने सम्बन्धमा ।

श्री सरोकारवाला सबै,

गलकोट नगरपालिका,बागलुङ ।

विषय:भुक्तानी बन्द हुने सम्बन्धमा।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३० मा फ्रिज नहुने भनि तोकेको शिर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभान्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। यस कार्यालयको बार्षिक कार्याक्रम अनुसार सम्झौता र कार्यसम्पन्न भई भुक्तानी हुन बाँकी व्यक्ति,उपभोक्ता समिति,निर्माण व्यवसायी,संघ संस्था र कार्यालयहरुले भुक्तानीका लागि नियमानुसार आवश्यक पर्ने कागजपत्र मिति २०८०/०३/१५ गते भित्र पेश गर्नु हुन अनुरोध छ । तोकिएको समयसीमा भित्र भुक्तानीको लागि रीत पूर्वक कागज पेश नगरेमा/भुक्तानी नलिएमा नगरकार्यापालिकाको कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

कृष्ण प्रसाद खराल
लेखा अधिकृत (सातौं)

गंगा बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ:</u>

श्री शाखा प्रमुख ज्युहरु, गलकोट नगर कार्यापालिकाको कार्यालय ।

श्री वडा कार्यालयहरु, गलकोट नगर कार्यापालिकाको कार्यालय ।

श्री सूचान प्रविधि शाखा, सूचना वेभसाईट /फेसवुक पेजमा अपलोड गर्ने ।